'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ | अंक : ७७ | बुधवार २८ कार्तिक, २०८१ | 13 (Wednesday) November 2024 | पृष्ठ ४, | मूल्य रु : १०।-

## यातायात कार्यालयको विषयलाई लिएर
# कोहलपुर र नेपालगञ्जवासीमा तिक्तता

भीम रावत

कोहलपुर, कार्तिक/२७

बाँकेको नेपालगन्जमा रहेको यातायात व्यवस्था कार्यालय कोहलपुर स्थानान्तरण गर्न लागिएको भन्दै नेपालगञ्जवासी केहीले विरोध जनाएका छन् । सोमबार नेपालगन्ज उद्योग वाणिज्य सङ्घले नेपालगञ्जमा रहेको यातायात व्यवस्था कार्यालय कोहलपुर स्थानान्तरण गर्ने कार्य रोक्न माग गर्दै जिल्ला प्रशासन कार्यालय बाँके मार्फत लुम्बिनी प्रदेशका उद्योग, पर्यटन तथा यातायात मन्त्री प्रचण्ड विक्रम न्यौपानेलाई ज्ञापनपत्र बुझाएको छ। नेपालगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्षकै नेतृत्वमा ज्ञापनपत्र बुझाइएको हो । उद्योग वाणिज्य संघलाई अगाडि देखाएर नेपालगञ्जका राजनीतिक दलहरु तथा आफूलाई समाजसेवी बताउनेहरु नै यातायात कार्यालय कोहलपुर स्थानान्तर हुने कार्यको विरोधमा रहेको देखिन्छ । वाणिज्य संघका महासचिव भीमबहादुर रानाभाटले नेपालगन्जमा रहेका अधिकांश सरकारी कार्यालयहरु संघिय संरचाना बनेपश्चात केही सुर्खेत र केही बुटवल स्थानान्तरण भैसकेको अवस्थामा बाँकी रहेका कार्यालयहरु अब अनेत्र स्थानान्तरण गर्ने कार्य तत्काल रोक्न माग गरेको बताउँछन् । त्यसैका लागि आफूहरुले नेपालगञ्जवासीको भावनाको कदर गर्दै प्रमुख जिल्ला अधिकारी मार्फत प्रदेश मन्त्रीलाई ध्यानाकर्षण पत्र बुझाइएको जानकारी गराए । रानाभाटले तर्क गरे, 'नेपालगन्ज रित्ताउने र रित्तिने सिलसिला रोक्न चिन्ता जाहेर गर्दै सङ्घले ज्ञापनपत्र बुझाएको छ, आवश्यक परे चरणबद्ध आन्दोलनका कार्यक्रमहरु समेत सार्वजनिक गरिनेछ ।' हाल देश बाहिर रहेका कोहलपुर नगरपालिकाका नगर प्रमुख पूर्ण प्रसाद आचार्यले मंगलबार नै आफ्नो प्रतिक्रिया जनाएका छन् । आचार्यले भने,-'नेपालगन्जको यातायात कार्यालय कोहलपुर सारिदै छैन् । बरु नेपालगन्जबाट सेवा लिदै आइरहेका कोहलपुर, बैजनाथ राप्तिसोनारी लगायतका नागरिकहरुको सेवाको लागि कोहलपुरमा एउटा युनिट सुचारु गर्न खोजिएको मात्रै हो । नेपालगन्जबासिले १६ किलोमिटर टाढा सेवा प्राप्त गर्न जानु पर्ने छैन ढुक्क हुनुहोस ।' नगर प्रमुख आचार्यले नेपालगञ्जवासीहरुलाई भनेका छन्,-'समय परिवर्तनशिल छ, जनताका आवश्यकता असिमित छन् । जनतालाई सरल र सहज सेवा प्रवाह आजको बैज्ञानिक आवश्यकता हो । यो तथ्य बुझ्नु पर्छ र बुझाउनुपर्छ । समयको गति अनुसार आफू रुपान्तरित हुनु पर्छ त्यो रुपान्तरणको पथमा नेपालगञ्ज जाओस् कामना गर्दछु ।' नगर प्रमुख आचार्यले आफ्नो प्रतिक्रियामा भनेका छन्,-'बाँकेको नेपालगञ्ज किन कम्जोर हुँदै गैरहेको छ ? के नेपालगञ्जको कम्जोरी र रुग्नतामा बाँकेका अन्य पालिकाहरुले आफुलाइ बलशाली र भाग्यशाली मान्ने अवस्था हो ? यो हुँदै हैन्, हुनुपनि हुँदैन, किन भने नेपालगन्ज एउटा ऐतिहासिक शहर हो । यसको आफ्नै गरिमा र महत्व छ, रहिरहनेछ । तर नेपालगञ्जबासी केही आदरणीय महानुभावहरुमा कही कतै अन्य पालिकाको उन्नयनमा बेलाबेला इर्श्याभाव देखिन्छ । यो हामी सबै बाँके वासीका लागि दुर्भाग्यपूर्ण छ ।



बाँकी ३ पेजमा...

### इर्श्याभाव राख्नु हुँदैन



**पूर्ण प्रसाद आचार्य**
नगरप्रमुख
कोहलपुर

'नेपालगन्जको यातायात कार्यालय कोहलपुर सारिदै छैन् । बरु नेपालगन्जबाट सेवा लिदै आइरहेका कोहलपुर, बैजनाथ राप्तिसोनारी लगायतका नागरिकहरुको सेवाको लागि कोहलपुरमा एउटा युनिट सुचारु गर्न खोजिएको मात्रै हो । नेपालगन्जबासिले १६ किलोमिटर टाढा सेवा प्राप्त गर्न जानु पर्ने छैन ढुक्क हुनुहोस ।' 'बाँकेको नेपालगञ्ज किन कम्जोर हुँदै गैरहेको छ ? के नेपालगञ्जको कम्जोरी र रुग्नतामा बाँकेका अन्य पालिकाहरुले आफुलाई बलशाली र भाग्यशाली मान्ने अवस्था हो ? यो हुँदै हैन्, हुनुपनि हुँदैन, किन भने नेपालगन्ज एउटा ऐतिहासिक शहर हो । यसको आफ्नै गरिमा र महत्व छ, रहिरहने छ । तर नेपालगञ्जबासी केही आदरणीय महानुभावहरुमा कही कतै अन्य पालिकाको उन्नयनमा बेलाबेला इर्श्याभाव देखिन्छ ।

### हामीले बुझाउन सकेनौं



**प्रदिप भट्टराई**
अध्यक्ष
कोहलपुर उवासंघ

'कोहलपुरबाटै यातायात सम्बन्धी सेवा लिन पाउनु हाम्रो लागि खुसीको कुरा । कोहलपुरमा यातायातको कार्यालय नै आउन लागेको होइन । सेवा युनिट कार्यालय मात्र आउने हो । नेपालगञ्ज उद्योग वाणिज्य संघका साथीहरुले यो कुरा नबुझेको जस्तो लाग्यो । कोहलपुरमा यातायात कार्यालयको सेवा युनिट कार्यालय राख्दा नेपालगन्जबासी आत्तिनु पर्ने केही कारण छैन । नेपालगन्जका साथीहरुलाई हामीले बुझाउने काम गर्न सकिनौं कि जस्तो मलाई लागेको छ । भविष्यमा कोहलपुर नेपालगन्ज एउटै महानगर हुने हो । अहिले हामी नेपालगन्ज र कोहलपुर भनेर विभाजित मानसिकता बनाउनु राम्रो हुदैन । नेपालगन्ज बासीले यस विषयमा दिर्घकालिन रुपले सोच्न जरुरी छ । नेपालगञ्ज वासीले विरोध गर्नु पर्ने कुनै कारण छैन ।'

### नेपालगन्ज मै हुनुपर्छ



**भिम बहादुर रानाभाट**
महासचिव
नेपालगन्ज उवासंघ

नेपालगन्जमा रहेका अधिकांश सरकारी कार्यालयहरु संघिय संरचाना बनेपश्चात केही सुर्खेत र केही बुटवल स्थानान्तरण भैसकेको अवस्थामा बाँकी रहेका कार्यालयहरु अब अनेत्र स्थानान्तरण गर्ने कार्य तत्काल रोक्न माग गरेको बताउँछन् । त्यसैका लागि आफूहरुले नेपालगञ्जवासीको भावनाको कदर गर्दै प्रमुख जिल्ला अधिकारी मार्फत प्रदेश मन्त्रीलाई ध्यानाकर्षण पत्र बुझाइएको जानकारी गराए । रानाभाटले तर्क गरे, 'नेपालगन्ज रित्ताउने र रित्तिने सिलसिला रोक्न चिन्ता जाहेर गर्दै सङ्घले ज्ञापनपत्र बुझाएको छ, आवश्यक परे चरणबद्ध आन्दोलनका कार्यक्रमहरु समेत सार्वजनिक गरिनेछ ।' संघीय संरचना सँगै नेपालगन्जबाट धेरै कार्यालयहरु अनेत्रै स्थानान्तरण हुने नेपालगन्जबासीको लागि दुर्भाग्य हो ।

# बाँकेमा कोदो उत्पादन गर्न परीक्षण

नमस्ते समचारदाता

बाँके, कार्तिक/२७

पहाडी र हिमाली जिल्लामा मात्र उत्पादन हुन्छ भन्ने मान्यता रहेको कोदो बाली तराईको अति गर्मी हुने जिल्ला बाँकेमा पनि उत्पादन गर्न सफल परीक्षण गरिएको छ । सामुदायिक जिन बैङ्क सञ्जालले बाँकेको बैजनाथ गाउँपालिका-१ चिसापानीस्थित गाभर भ्यालीमा कोदोको सफल परीक्षण उत्पादन गरेको हो । गत साउन महिनामा रोपिएको कोदो अहिले चिसापानी स्थित गाभर भ्यालीमा लहलह झुलेको छ । पहाड र हिमालमा मात्रै कोदो फल्छ भन्ने मान्यता अब रहेन । कोदो तराइको गर्मी जिल्लामा पनि फलेको देख्दा स्थानीय मात्र होइन, हेर्न आउने जो सुकै पनि अचम्मित पर्छन् । 'पहाड र हिमालमा मात्रै उत्पादन हुने कोदो तराईका जिल्लामा उत्पादन गर्ने लक्ष्यका साथ परीक्षण गर्नका लागि हामीले गत साउन महिनामा रोप्यौँ, अहिले कोदोको बाला लहलह भएको छ, स्थानीयले पनि अनौठो मान्ने गर्नुभएको छ,' । 'नौ प्रजातीका कोदोको बिउँ रोपेका थियौँ, एक दुई प्रजाति बाहेक अन्य सबै राम्रोसँग फलेको छ ।' सामुदायिक जिन बैङ्क सञ्जालका संयोजक पुरमल बस्नेतले भने । बस्नेत मौरी पालक व्यवसायी समेत हुन । स्थानीयको डेढ कट्ठा बढी जग्गा भाडामा लिएर कोदोको विभिन्न प्रजातिको बिउँ परीक्षणका लागि रोपिएको बस्नेतले बताए । 'स्थानीयको डेढ कट्ठा बढी जग्गा भाडामा लिएर कोदोको परीक्षण गरेका थियौँ, अहिले लहलह बाला लागेको छ, मङ्सिरको पहिलो सातातिर काट्ने योजना बनाएका छौँ, हामीलाई उत्साहित बनाएको छ, अब तराइमा पनि कोदो उत्पादन गर्न सकिने रहेछ भन्ने यो परिक्षणबाछ देखिएको छ,' संयोजक बस्नेतले खुसी व्यक्त गर्दै भने । बस्नेतका अनुसार पाँच वटा प्रजाति जिन बैङ्कले परीक्षणमार्फत् उत्कृष्ट देखिएका, दुईवटा नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)ले विकास गरेका र अन्य दुई प्रजाति किसानले उत्पादन गरेका जात रहेका छन् ।



नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय

## राजनीतिमा अपराधीकरण

**नेपाली राजनीतिमा अपराधीकरण र अपराधलाई राजनीतिकरण गर्ने होडबाजी नै चलेको थियो कुनै बेला नेपालका राजनीतिक दलहरुमा । राजनीतिक दलको छत्रछाँयामा राजनीतिक दलको झण्डा ओढेर अनेकौं अपराध गर्नेहरुलाई दलका नेताहरुले राजनीतिक संरक्षण गर्दै जाँदा अनेक प्रकृतिका अपराधहरु पनि राजनीतिमा मिसिए। डन नपाल्ने त कुनै राजनीति दलहरु नै छैनन्। मान्छे मारेर होस् वा कुनै अपराध गरेर होस् । राजनीतिको झण्डा ओढेको भए पछि अदालतले जेल नै हालेछ भने पनि केही समय मै प्रजातन्त्र दिवस, गणतन्त्र दिवस वा संविधान दिवस यस्तै केही अवसरमा सरकारको सिफारिसमा राष्ट्रपतिमा आममाफी गराएर अपराधीहरु छुटाइहाल्ने प्रतिस्पर्धा नै चल्यो । त्यही प्रवृत्तिको पुनरागमन भैरह्यो । अझै पनि हुँदैछ । डन चरी लगायतका कतिपय प्रहरीको 'इन्काउटर एक्सन' मा मारिए पनि । अझै पनि ठूला भनिएका दलहरुमा डनहरुको संख्या पनि ठूलै छ । दिपक मनाङ्गेहरु पनि यस्तै प्रवृत्तिले संरक्षण गर्दै हुर्काइएका व्यक्ति हुन । उनी दलहरु कै संरक्षणमा सांसद र मन्त्री पनि बने । कहिलै कुनै दलमा गएर त कहिलै कुनै दलमा गएर सधै मन्त्री खाइरहने । केही महिना अघि मात्र मन्त्रीको कुसी बसिरहेकै समयमा मलाई डेढ करोड सम्म दिन आइसके रु ३ करोड पाएँ भने यो मन्त्री पद नै बेचिदिन्छु भन्थ्ये । पैसा भएका मन्त्री हुन नपाएकाहरु धेरै छन् नि त काँग्रेस एमालेमा भन्थ्ये । अहिले उनै मनाङ्गे २०६९ सालमा व्यक्ति हत्या आरोपमा सर्वोच्च अदालबाट समेत दोषी प्रमाणित भएका छन्। मंगलबार मात्र अदालतको फैसला अनुसार उनलाई प्रहरीले पक्राउ गरी कारागार चलान गरिएको छ । अस्ती भरखर मात्र एमाले नेता एवं कोसी प्रदेश सरकारका मन्त्री मानव तस्करीको आरोपमा पक्राउ परेका थिए । कहिले सम्म गरिरहने हो अपराधीहरुलाई राजनीतिक संरक्षण र अपराधको राजनीतिकरण ?**

**जनहितमा जारी सन्देश**


- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

# प्रदेश सरकारबारे नवीन बहस

विपुल पोखेल

नेपालको संविधानले तीन तहको सरकारको व्यवस्था गरेको छ । सङ्घीय, प्रदेश र स्थानीय सरकार क्रियाशील पनि छन् । जनताको अभिमतका आधारमा बन्ने यी तीन तहका सरकारमध्ये प्रदेश सरकारको औचित्यमाथि अहिलेसम्म पनि प्रश्न उठ्न छाडेको छैन । यसरी उठेको प्रश्नको औपचारिक जवाफ कसले दिने ? कोही पनि तयार देखिँदैन। सरकारी भूमिकामा रहँदा प्रदेश सरकारको बचाउ गर्नेले पनि भूमिकाबाट च्युत भएसँगै प्रदेशको औचित्यमाथि प्रश्न उठाउन थालिहाल्छ । संवैधानिक व्यवस्था भएका कारण दलहरूले औपचारिक रूपमा विरोध त गरिहाल्दैनन् तर अनौपचारिक कुराकानीका क्रममा अन्तरमनदेखि प्रदेश संरचनाको बचाउ गर्ने गरी कसैले तर्क गर्ने गरेको सुनिँदैन। यी सबै कुराको सार प्रदेश संरचनालाई औपचारिक रूपमा ग्रहण गरिएको छ तर यसलाई अन्तरमनले स्वीकार्न कठिन महसुस भइरहेको छ । प्रदेशका दुई वटा निर्वाचनबाट प्रदेश सभा बनिसकेको छ भने प्रदेश सभाले सरकार पनि बनाइसकेको छ। प्रदेश सरकार र प्रदेश संसद्ले यसको औचित्य प्रमाणित गर्ने गरी काम गर्न सकेको महसुस नागरिकले गर्न पाएका छैनन् । लोकतन्त्रमा सरकारलाई अभिभावक मानिन्छ र सरकार अभिभावकका रूपमा प्रस्तुत भइरहोस् भन्ने चाहना राखिन्छ। त्यसै गरी स्थानीय सरकारलाई घरआँगनको सरकार मानिन्छ। स्थानीय सरकार मर्दापर्दा आँगनमै आएर उभिदिन्छ भन्ने विश्वास गरिन्छ र त्यसरी उभिनु पर्छ भन्ने मान्यता पनि राखिन्छ। प्रदेश सरकार के त ? अभिभावक कि घरआँगनको सरकार ? त्यस्तो कुनै मान्यता स्थापित हुन अझै सकेको छैन। मान्यता स्थापित गर्न एउटा भाष्य निर्माण हुनु पर्छ । प्रदेश सरकार सञ्चालनमा आएको सात वर्ष पुग्दै गर्दा पनि प्रदेश सरकार के हो भन्ने कुरामा सहमति जनाउने गरी कुनै भाष्य नै बन्न सकेको छैन। बरु 'प्रदेश सरकारको के काम ?' भन्ने भाष्य बनिरहेको छ। चिन्ता गर्नुपर्ने बेला भइसकेको छ कि कतै यही भाष्य नै एउटा मान्यताका रूपमा स्थापित नहोस् । त्यसो त एकात्मक सरकार प्रणालीबाट सङ्घीय प्रणालीमा जाँदै गर्दा विभिन्न प्रकारका चुनौती सामना गर्नु स्वाभाविकै हो । त्यस्ता चुनौती सम्बोधन गर्ने कानुन र ती कानुनलाई कार्यान्वयन गर्ने संयन्त्रको अभावमा प्रदेश सरकारको औचित्य पुष्टि गर्न गाह्रो नै हुन्छ। यो पनि स्वाभाविक हो। अहिले राजनीतिक रूपमा प्रदेश संरचना निर्माण त भएको छ तर त्यसपछि आवश्यक पर्ने व्यवस्थापकीय काम गर्ने सन्दर्भमा गतिशीलताको कमी मात्र होइन, स्पष्ट दृष्टिकोणको समेत अभाव देखिन्छ । राज्यको आदर्श जतिसुकै उच्च भए पनि जनताको वास्तविक जीवनमा त्यसले कत्तिको प्रभाव पार्छ भन्ने कुराले नै त्यो राज्य प्रणालीप्रति नागरिकको विश्वास बढ्ने हो। १९ औं शताब्दीसम्म आउँदा राज्यको कार्य समाजलाई आफ्नो नियन्त्रणमा राख्ने मात्र मानिन्थ्यो तर २० औँ शताब्दीपछि राज्यको दायित्व कानुन निर्माण, त्यसको कार्यान्वयन गर्दै लोककल्याणकारी संस्थाका रूपमा उभिने हुन पुग्यो । अहिलेको समयमा




राज्य यी दायित्वलाई लोकतान्त्रिक विधिबाट पारदर्शी रूपमा प्रभावकारी ढङ्गले काम गर्ने संस्थाका रूपमा उभिनु पर्छ भन्ने मान्यताको विकास भएको छ। प्रदेश सरकार उल्लिखित भूमिकामा देखा पर्न जरुरी छ। लोकतन्त्र भनेको बलियो संरचना निर्माण गरी ती संरचनाको पारदर्शी रूपमा क्रियाशीलता र त्यो क्रियाशीलताबाट उपलब्ध परिणाम नागरिकको हितमा उपलब्ध हुने प्रणाली हो । यो परिभाषाका आधारमा भन्ने हो भने प्रदेश सरकारको क्रियाशीलताको लाभ प्रत्यक्ष रूपमा नागरिकले उपलब्ध गर्ने गरी सम्पूर्ण व्यवस्थापन हुन जरुरी छ। यो संरचना राजनीतिक नेता कार्यकर्ता व्यवस्थापनका लागि मात्र कि नागरिकका आवश्यकता सुन्ने र सम्बोधन गर्नका लागि भन्ने कुरामा प्रस्ट हुँदै तदनुकूलको नीति निर्माण र कार्यान्वयन जरुरी छ । दुःखको कुरा अहिलेसम्म प्रदेश सरकारले संविधानले दिएको अधिकार प्रयोग गर्न आवश्यक कानुन पनि बनाउन सकिरहेका छैनन् र कानुन बनेको अवस्थामा पनि त्यसलाई कार्यान्वयन गर्ने संरचना निर्माण हुन सकेका छैनन् । परिस्थिति यस्तो छ, अपेक्षा धेरै छन् । त्यसकारण अब प्रदेश सरकारबारे नकारात्मक टिप्पणी भन्दा पनि नवीन र सिर्जनशील बहसका माध्यमबाट यसको भूमिका वा असल अभ्यासबारे निष्कर्ष निकाल्नतर्फ लाग्नु नै उत्तम हुन्छ। सङ्घीयता हामीलाई हाम्रो आन्दोलन र इतिहासले उपलब्ध गराएको एउटा स्वर्णिम अवसर पनि हो सँगै उपहार पनि हो । यो उपहारलाई सुन्दर रूपमा सजाउँदै यो अवसरबाट लाभ लिनेतर्फ नै हामी प्रयत्नशील रहनु श्रेयस्कर हुन्छ । अभिभावक मानिने सङ्घीय सरकारले लिएका नीतिको कार्यान्वयन गर्दै घरआँगनको सरकारको काम कारबाहीलाई नियमनका साथै सहजीकरण गर्ने भूमिकामा प्रदेश सरकारलाई उभ्याउँदा कसो होला ? यो प्रश्नको पेरिफेरिमा रहेन, जीवन्त बहस आजको आवश्यकता हो । यो बहसको निष्कर्षमा पुग्दै गर्दा एउटा साझा मान्यता जन्मन सक्छ, त्यो भनेको प्रदेश सरकार एउटा समन्वयकारी एकाइ हो । यो मत बन्यो भने प्रदेशको दायित्व प्रस्ट बन्दै जान्छ, अपेक्षाको सीमितता कायम हुन्छ र प्रदेश सरकारको पहिचान निर्माण हुन्छ । संविधानले प्रदेश सरकारलाई दिएका एकल भनिएका अधिकार कार्यान्यवन गर्न पनि प्रदेशले सङ्घीय सरकारसँग समन्वय गर्नुपर्ने हुन्छ । स्थानीय सरकारलाई ध्यान दिँदै ऊ नागरिकको घरआँगनमा उभिन पनि सक्दैन । त्यसकारण समन्वयको दायित्व र समन्वय गर्ने क्रममा तत्काल आवश्यक नीति र कानुन निर्माणको अधिकारसहित प्रदेश सरकार उभिन सक्यो भने मात्र पनि त्यसले परिणाम दिन सक्ने देखिन्छ। उदाहरणका रूपमा हेरौँ, सङ्घीय सरकारले स्वास्थ्य संस्थामार्फत स्वास्थ्य बिमाको योजना ल्यायो । अधिकांश नागरिकको गुनासो सुनियो, यो झमेलाभन्दा त खुरुखुरु पैसा तिर्न ठिक। स्वास्थ्य बिमा लोककल्याणकारी राज्यको एउटा राम्रो योजना हो । स्वास्थ्यमा राज्यको उपस्थिति बढाउने योजना हो। नागरिकले त्यसलाई स्वागत गर्ने होइन, झन्झट मानिरहेका छन्। त्यस्तै अर्को एउटा अनौठा अभ्यास देखियो । सवारीसाधनको कर कुनै प्रदेशको संरचनामा बुझायो, रसिद लियो। भोलि त्यो साधन बिक्री गरेर नामसारी गर्दा यति पैसा कर बाँकी छ भनिन्छ । उपभोक्ताले कर तिरिरहेको छ, रसिद राखेको छ। सरकारले भन्छ, कर बाँकी छ । एउटा प्रदेशमा दर्ता भएको साधन अर्को प्रदेशमा कर तिर्ने बेलाको समस्या हो सायद यो । सामान्य समन्वयको अभावमा उपभोक्ता दण्डित भइरहेको छ । यस्ता सवालमा काम गर्ने संरचना खै ? राज्यका जनमुखी नीति कार्यान्वयन गर्दा आइपर्ने झन्झट निरूपण गर्ने संरचना खै ? खोज्दै जाने हो भने नागरिकले सुविधा हैन झन्झट बेहोरेका थुप्रै क्षेत्र र सन्दर्भ हुन सक्छन्, छन् पनि । त्यसमा प्रदेश अनुसारका आवश्यक नीति तर्जुमा गरेर पनि सहजीकरण गर्नुपर्ने हुन्छ । यसरी नागरिकलाई सहज सेवा प्रभाव गर्ने सन्दर्भमा पनि प्रदेशले समन्वयकारी भूमिका निर्वाह गर्ने संयन्त्र निर्माण गर्न सक्नु पर्छ । नवीन बहसका लागि ध्यानाकृष्ट होस् भन्ने मनसायले मात्र यी सन्दर्भ उल्लेख गरिएको हो । उदाहरणलाई नै प्रदेशको दायित्व मानियो भने उसको दायरा झनै घटाउन खोजेको भन्ने बुझ्न सकिन्छ। यहाँ त्यो नभई नागरिकले झेलि रहेका सामान्य मानिने तर मन छुने असहजतालाई सहजीकण गर्ने नीतिगत संरचनाका रूपमा प्रदेशलाई उभ्याउन सकिन्छ भन्नेतर्फ बहसलाई डोऱ्याउन खोजिएको मात्र हो । अलिकति सङ्घीय सरकारको अलिकति स्थानीय तहको अधिकार तानेर त्यसैको नक्कल गर्ने संरचनाका रूपमा उभ्याउने गरी प्रदेश सरकारलाई राखिराख्दा त्यसको औचित्य कहिले पनि प्रमाणित हुन सक्दैन । राजनीतिक लडाइँले सङ्घीयता स्थापित गराएको छ। यस्तो लडाइँको सफलता भनेको निर्णयाधिकार आफूमा हस्तान्तरण गर्नु हो । तसर्थ राजनीतिक रूपमा निर्णय अधिकार सहितका प्रदेश निर्माण भइसकेका छन् । अब यी अधिकारसम्पन्न प्रदेशहरूले आफ्नो निर्णय अधिकार प्रयोग गर्दा सोच्नु पर्छ कि कस्तो निर्णय लिने भनेर नागरिकले लडाइँ लडेका थिए । केन्द्रीकृत संरचनाले नीति बनाउँदा र त्यसको कार्यान्वयन गर्दा एउटा ठुलो हिस्सालाई त्यो निर्णयले आफूलाई नछोएको महसुस हुने गरेको थियो। अब आन्दोलनबाट स्थापित अधिकारसहित बनेको प्रदेश संरचनाले आफ्नो उत्पत्तिको यो जग र चाहनालाई हृदयङ्गम गरेर आफूलाई असल अभ्यास गर्दै अगाडि बढाउन जरुरी छ। संविधान भनेको नागरिकको अधिकार स्थापित गर्दै ती अधिकार निर्बाध उपभोग गर्ने वातावरण निर्माण गर्ने काममा सरकारलाई बाँध्ने दस्तावेज हो । नागरिकका अपेक्षा पूरा गर्ने महान् लक्ष्यको घेराबन्दीमा प्रदेश सरकारलाई उपस्थित अनि क्रियाशील गराउन जरुरी छ ।

- *गोरखापत्र*

**विषादीको प्रयोगबाट बचौं र बचाऔं**


- किरा मार्ने विषादीले मानिसलाई पनि असर गर्दछ,
- अनावश्यक रुपमा विषादीको प्रयोग नगरौं,
- विषादी प्रयोग गर्नैपर्ने भए प्राविधिकको सल्लाहमा मात्र गरौं,
- विषादी प्रयोग गर्नुपूर्व त्यसको असरको बारेमा जानकारी लिऔं,
- विषादी तयार गर्दा र प्रयोग गर्दा सतर्कता अपनाऔं,
- विषादी प्रयोग गरिएको तरकारी तथा फलफूल खान योग्य भए नभएको यकिन गरेर मात्र उपभोग गरौं,
- विषादी प्रयोग गरिएका तरकारी तथा फलफूल विष मुक्त नभएसम्म विक्रि वितरण नगरौं,
- विषादीको प्रयोग भएका फलफूल तथा तरकारीले क्यान्सरलगायतका रोगहरू लाग्न सक्छ,
- विषादीको प्रयोगले जनस्वास्थयमा गम्भिर असर पर्न सक्छ,

त्यसैले विषादीको प्रयोगमा सचेत बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# पुनर्निर्माण सुरु गर्न सरकारको ध्यानाकर्षण

नमस्ते समचारदाता
जाजरकोट, कार्तिक/२७



भूकम्पबाट प्रभावित क्षेत्रका जनप्रतिनिधिले पुनर्निर्माण सुरु नहुँदा स्थानीय बासिन्दा सङ्कटमा परेको भन्दै सरकारको ध्यानाकर्षण गराएका छन् । रुकुमपश्चिम र जाजरकोटबाट प्रतिनिधित्व गर्ने सङ्घीय र प्रदेश सरकारका प्रतिनिधिहरू र स्थानीय तहका प्रमुखले प्रधानमन्त्रीलगायतसँग तत्काल पुनर्निर्माणको माग गरेका छन् । जनप्रतिनिधिहरूले सिंहदरबार पुगेर प्रधानमन्त्री, गृहमन्त्री, अर्थमन्त्री र राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा पाँचबुँदे माग राखेका छन् । पूर्वअर्थमन्त्री एवं प्रतिनिधि सभा सदस्य जनार्दन शर्माको नेतृत्वमा गएको टोलीले प्रधानमन्त्री केपी शर्मा ओली, उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु पौडेल र गृहमन्त्री रमेश लेखकसमक्ष मागपत्र पेस गरेको हो भने त्यसअघि राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण पुगेर कार्यकारी निर्देशक अनिल पोखरेल लगायतसँग छलफल गरेको छ । पूर्वमन्त्री शर्माका अनुसार भूकम्पबाट जाजरकोट, रुकुमपश्चिम, सल्यान, डोटी र बझाङ जिल्लामा भएको क्षति र उक्त क्षेत्रमा तत्काल पुनर्निर्माणको अभियान सञ्चालनका लागि मागपत्र पेस गरिएको छ । उहाँले स्थायी आवास निर्माण, सरकारी संरचना पुनर्निर्माण र अस्थायी आवासको दोस्रो किस्ताको र कमबारेमा पाँचबुँदे माग राखेर कार्यान्वयनका लागि गम्भिर ढङ्गले छलफल गरेको जानकारी दिनुभयोरु। ज्ञापनपत्रमा पुनर्निर्माण कार्यविधि तत्काल उपलब्ध गराउन माग गरिएको छ भने पुनर्निर्माण गर्ने निकायलाई प्रभावित क्षेत्रमा कार्यालय स्थापना गरेर कार्यप्रारम्भ गर्नका लागि सुनिश्चित गरिदिन माग गरिएको छ । त्यसै गरी पुनर्निर्माणका लागि आवश्यक बजेटको व्यवस्था एवं निकाशा, अस्थायी आवास निर्माणको बाँकी रकम भुक्तानी र पुनर्निर्माण कार्यलाई प्राधिकरणमार्फत एकीकृत रूपमा सम्पन्न गर्नका लागि आवश्यक निर्णय गरिदिन माग गरिएको छ । सांसदहरू जनार्दन शर्मा, चन्द्रबहादुर विश्वकर्मा, कल्पना मियाँ, कृष्णबहादुर रोकाय, मैना कार्की, कर्णाली प्रदेशका पूर्वमुख्यमन्त्री एवं प्रदेश सभा सदस्य राजकुमार शर्मासहितको टोलीले सरकार समक्ष पुर्निर्माणको माग राखेको हो । उक्त टोलीमा जाजरकोटको छेडागाड नगरपालिका प्रमुख रत्नबहादुर खड्का, जुनीचाँदे गाउँपालिका अध्यक्ष बेदबहादुर शाही, शिवालय गाउँपालिका अध्यक्ष शेरबहादुर शाह, रुकुमपशि्चमको चौरजहारी नगरपालिका प्रमुख पुष्प वादी, आठबिसकोट नगरपालिका प्रमुख रवि केसी, सानीभेरी गाउँपालिका अध्यक्ष बिर्खबहादुर विष्ट, त्रिवेणी गाउँपालिका अध्यक्ष गणेशकुमार केसी लगायतका जनप्रतिनिधि पनि सहभागि हुनुभएको थियो ।

# प्रदेश सरकारद्वारा सय दिनको उपलब्धि सार्वजनिक

नमस्ते समचारदाता
धनगढी, कार्तिक/२७

मुख्यमन्त्री कमलबहादुर शाह नेतृत्वको सुदूरपश्चिम प्रदेश सरकारले एक सय दिनको उपलब्धि सार्वजनिक गरेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मंगलबार पत्रकार सम्मेलनको आयोजना गरेर सरकारले एक सय दिनको उपलब्धि सार्वजनिक गरेको हो । शाहको नेतृत्वमा गत साउन २१ गते प्रदेश सरकार गठन भएको थियो । यो एक सय दिनको अवधि शासकीय दृष्टिले राजनीतिक, आर्थिक र प्रशासनिक पक्षमा उपलब्धिमूलक रहेको मुख्यमन्त्री शाहले बताउनुभयो । यस अवधिमा प्रदेश सरकारले प्रदेशभित्र वित्तीय पारदर्शीता, सुशासन प्रवर्द्धन, भ्रष्टाचार न्यूनीकरण तथा समग्र सेवा प्रवाह, विकास निर्माण र राजस्व संकलन लगायत नागरिक सरोकारका विविध पक्षहरुमा केन्द्रित रही काम गरेको उहाँको भनाइ छ । एक सय दिनको अवधिमा प्रदेश सरकारले सुदूर पश्चिम प्रदेश लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०८१, अपाङ्गता सम्बन्धी प्रादेशिक नीति २०८१ बनाएको छ । यसैगरी, प्रदेश सभाबाट पाँच वटा ऐन निर्माण भएका छन् । प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०८०, सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०८१ र सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८१, सामयिक राजस्व संकलन सम्बन्धी ऐन २०८१, प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक (पहिलो संशोधन) २०८१ प्रदेश सभाबाट पारित भएको हो । सुदूरपश्चिम प्रदेश स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा दर्ता भइ विचाराधिन अवस्थामा रहेको प्रदेश सरकारले जनाएको छ । यसैगरी, प्रदेश निजामती सेवा नियमावली २०८१ को मस्यौदा तयार गरी सुझावका लागि मन्त्रालयहरुमा पठाएको जनाइएको छ । सुदूरपशि्चम प्रदेश निजामती कर्मचारी सरुवा तथा काज सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८१, सुदूरपश्चिम प्रदेशको आर्थिक वर्ष २०८१-८२ को बजेट र यससँग सम्बन्धित विभिन्न मार्गदर्शन निर्माण गरी सरकारले कार्यान्वयनमा ल्याएको छ । यसैगरी, राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन कार्यविधि २०८० कार्यान्वयनमा ल्याइएको छ । सय दिनको अवधिमा ८=०२ प्रतिशत बजेट खर्च गरेको सरकारले जनाएको छ । आजको मितिसम्म ३८ करोड ४५ लाख ३० हजार अर्थात लक्ष्यको तुलनामा २३.९३ प्रतिशत राजस्व परिचालन गरेको जनाइएको छ । सरकारले भौतिक पूर्वाधारतर्फ एक सय दिनमा १८=५ किलोमिटर सडक कालोपत्रे, २७ किलोमिटर सडक ग्राभेल गरेको छ । यसैगरी, दुई वटा पक्की पुल निर्माण, १६ हजार फिट झोलुङ्गे पुल निर्माणका लागि लठ्ठा खरिद, आठ वटा खानेपानी योजना र दुई वटा कभर्ड हल निर्माणको कार्य सम्पन्न गरिएको छ । आफूले सोचेको र कल्पना गरेको कुराहरु ७० प्रतिशतमात्रै पूरा भएमा त्यो धेरै उपलब्धि हुने मुख्यमन्त्री शाहले बताउनुभयो । तोकिएको स्थानमा प्रदेश राजधानी कार्यान्वयन नभएमा त्यसको विकल्प खोज्न ढिला गर्न नहुने उहाँले उल्लेख गर्नुभयो । हिउँदे अधिवेशनमा राजधानीको विषयले प्रवेश पाउने उल्लेख गर्दै मुख्यमन्त्री शाहले सबैको सहमतिमै राजधानी तोक्ने बताउनुभयो । त्यस्तै, सेती प्रादेशिक अस्पताललाई संघमा हस्तान्तरण गरी त्यसलाई दशरथचन्द स्वास्थ्य विज्ञान विश्व विद्यालयमा गाभ्ने र शैक्षिक कार्यक्रम अगाडि बढाउने गरी प्रक्रिया थालेको जानकारी दिनुभयो ।

# विद्यार्थी संख्यानपुग्दा अनुदान बन्द

नमस्ते समचारदाता
बैतडी, कार्तिक/२७



बैतडीको पाटन नगरपालिकामा बसाइँसराइका कारण जनसंख्या घटेपछि त्यसको प्रत्यक्ष असर विद्यालयमा परेको छ । नगरपालिकाले विद्यार्थी संख्या नपुगेका विद्यालयलाई अनुदान रकम बन्द गर्ने निर्णय गरेको छ । यद्यपि कम्तीमा एक लाख मानिस बसाल्ने योजना अनुसार सरकारले पाटनमा नयाँ सहर आयोजना अघि बढाएको छ । नगरले तोकेको विद्यार्थी मापदण्ड अनुसार प्रारम्भिक बालविकासमा न्यूनतम २५ जना, कक्षा १ देखि ८ सम्म ११० जना र कक्षा १२ सम्म पढाइ हुने विद्यालयमा न्यूनतम कक्षा १ देखि १२ सम्म २१० जना विद्यार्थी नभए अनुदान रकम बन्द गर्ने निर्णय गरेको हो । पाटनका कुल १० वटा वडामा रहेका ६४ विद्यालयमध्ये ४८ विद्यालयमा नगरले तय गरेको मापदण्ड अनुसार विद्यार्थी संख्यापुग्न सकेको छैन । सङ्घीय शिक्षाको मापदण्डबाट विद्यार्थी संख्याघटाएर मापदण्ड तयार गर्दा पनि ४८ वटा विद्यालयमा विद्यार्थी संख्याअपुग भएको पाटन नगरपालिकाका प्रमुख गौरीसिंह रावलले बताउनुभयो । नगरप्रमुख रावलले भन्नुभयो, "विद्यालयमा विद्यार्थी संख्या नभए पनि ११४ जना नगर शिक्षक पाल्नु पर्दा वार्षिक चार करोड रुपियाँभन्दा बढी रकम खर्च भइरहेको छ । नगरको आन्तरिक स्रोत ५० लाखभन्दा बढी छैन । सङ्घीय सरकारले दिने अनुदानको रकम तलबमा मात्र खर्च गर्नुपर्दा महालेखाले पनि बेरुजु ठहर गर्दै आएको छ ।" विकासे बजेटबाट नगर शिक्षक पाल्नु पर्ने अवस्था आएपछि यही असोजदेखि लागु हुने गरी विद्यार्थी संख्यानपुगेका विद्यालयमा अनुदान नदिने निर्णय भएको उहाँले बताउनुभयो । नगरपालिकाबाट बसाइँ सर्नेको संख्याबढेपछि विद्यालयमा विद्यार्थी कम भएको नगरप्रमुख रावलले बताउनुभयो । पाटन नगरपालिका-१०, सल्लोवासा स्थित सरस्वती मावि वरिपरिकै बस्ती बसाइँ सरेर तराई लगायतका बाहिरी जिल्ला गएपछि गाउँ सुनसान बनेको छ । सरकारले यहाँ सडक, विद्यालय, बिजुली र सिँचाइको व्यवस्था गरे पनि गाउँमा रोजगारी नहुँदा बसाइँ सर्ने क्रम बढेको छ । पाटन नगरपालिका मात्रै होइन, बसाइँसराइका कारण जिल्ला सदरमुकामको दशरथ चन्द नगरपालिकामा पनि प्रत्येक वर्ष पाँच सय विद्यार्थी संख्या घट्दै गइरहेको शिक्षा शाखा प्रमुख हरिप्रकाश भट्टले बताउनुभयो । दशरथ चन्द नगरपालिकामा रहेका ११ वटा वडामा कुल ५२ वटा विद्यालय छन् । विद्यार्थी संख्याकम भएका विद्यालय मर्ज गर्ने नगरको निर्णय काम अघि बढेको उहाँले जानकारी दिनुभयो । दशरथ चन्दमा ८२ जना नगर शिक्षक रहेका छन् । भूगोल र विद्यार्थी संख्याहेरेर विद्यालय मर्ज गर्ने तयारी भइरहेको शिक्षा शाखा प्रमुख भट्टले जानकारी दिनुभयो ।

## कोहलपुर...

यही नियती दोहोरिँदै गए दुर्भाग्य भै हुनेछ । खासमा अहिलेको हाम्रो नेपाली समाजकै मुख्य समस्या भनेकै कुनैपनि विषयवस्तुमा गहिरो अध्यन नगर्ने/गर्न नचाहने अझै भनौं सतही अध्यनबाट तत्काल धारणा बनाउने र सामाजिक संजालबाट हतारमा सार्वजनिक गर्ने । समाजलाई थप अन्यौल र द्वन्द तर्फ लैजाने । यो हाम्रो अहिलेको अफापको नियती हो र यो नियतीले हामी सबैलाई पोलि राखेको छ यसको निरंतरता कहिले सम्म हुन्छ ? अहिले कोहलपुरमा मालपोत, नापी, इलाका प्रशासन आदि कार्यालयले सेवा सुचारु गरिसके पछि अब यातायातको ट्राइल सेन्टर भएकै ठाउबाट बाकी सेवा लिन पाउनु कोहलपुर बासिको अधिकार नै हो । बरु यो कोहलपुर, बैजनाथ र राप्तिसोनारिका नागरिकहरुको अधिकार स्थापित गरिदिने कुरामा वकालत गरिदिन नेपालगन्ज वासीलाई नगर प्रमुख आचार्यले अनुरोध समेत गरेका छन् । यस्तै कोहलपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रदिप भट्टराईले भने,-' कोहलपुरबाटै गातायात सम्बन्धी सेवा लिन पाउनु हाम्रो लागि खुसीको कुरा । कोहलपुरमा यातायातको कार्यालय नै आउन लागेको होइन । सेवा युनिट कार्यालय मात्र आउने हो । नेपालगञ्जका वाणिज्य संघकै साथीहरुले यो कुरा नबुझेको जस्तो आफूलाई लागेको लागिको र उहाँहरुलाई बुझाउने काम गर्न नसकिएको हो । होइनभने यसमा नेपालगञ्ज वासीले विरोध गर्नु पर्ने कुनै कारण छैन ।' त्यस्तै लुम्बिनी प्रदेश सांसद सन्जु कुमारी थारुले नेपालगञ्जमा रहेको यातायातको कार्यालय कोहलपुरमा सार्न लागेको होइन, सो कार्यालयबाट सेवाग्राहीले प्राप्त गर्ने सेवा प्रवाहमा परेको असहजतालाई मध्यनजर गरी कोहलपुरमा एउटा युनिट कार्यालय सञ्चालन गर्न लागिएको मात्र हो । यो काम त समग्र बाँकेको हितमा छ । यसको विरोध फेरि किन गर्नु पऱ्यो र ?। हाल नेपालगन्जमा यातायात कार्यालय रहेपनि सवारी चालक अनुमति पत्रका लागि प्रयोगात्मक परीक्षा कोहलपुरमा हुँदै आएको छ । उद्योग, पर्यटन तथा यातायात मन्त्री न्यौपानेका निजी सचिव शाखा अधिकृत प्रदीप खनालले नयाँ सवारी अनुमतिपत्रका लागि ट्रायल हुँदै आएको कोहलपुरमा सहजताका लागि बायोमेट्रिक र लिखितको काम समेत हुने गरी सेवा कार्यालय स्थापनाको तयारी गरिएको जानकारी दिएका छन् । यातायात कार्यालय स्थानान्तरणको विषयमा नेपालगन्ज र कोहलपुरवासी विभाजित हुनु पर्ने कुनै कारण नै नभएको खनालले जानकारी गराए ।

## लोप...

सिँगाडा टिप्न पोखरीभित्र जानुपर्ने, पानीमा भिज्नुपर्ने भएकोले पनि सिँगाडा खेती गर्ने किसानको संख्या घटेको गोडियाले बताए । बाँकेको डुडुवा गाउँपालिका वडा नं. ६ का वडाध्यक्ष मोहनराम मिश्रले सिँगाडा खेती गर्ने किसानको संख्या पहिले धेरै रहेपनि पोखरी मासिँदै गएपछि यसको खेती गर्नेहरू समेत घटेको बताए । उनका अनुसार सिँगाडा खेती गर्नुभन्दा पोखरीमा पसेर टिप्न नै समस्या हुने, चराले खाने, बीउ पाउन समस्या लगायतका कारण खेती गर्नेहरू घट्दै गएका छन् । सार्वजनिक पोखरीमा उत्पादन भएको सिँगाडा आधी भाग गोडियालाई दिएर बाँकी बचेको सिँगाडा पोखरी आसपासका स्थानीयलाई भाग लगाएर बाँड्दै आइएको वडाध्यक्ष मिश्रको भनाई छ ।

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

# समृद्धि र विकास सबैको चाहना हो : मुख्यमन्त्री कँडेल

नमस्ते समाचारदाता
दैलेख, कार्तिक/२७




कर्णाली प्रदेशका मुख्यमन्त्री यमलाल कँडेलले कर्णाली सरकारको समृद्धि र विकास हामी सबै कर्णालीवासीको भएको बताएका छन् । कर्णाली प्रदेश सरकारले थालेका विकास सम्बन्धी गतिविधिहरुको बारेमा जानकारी गराउँदै कँडेलले सो कुरा बताएका हुन । देश सरकारका योजनाहरुका बारेमा सरोकारवाला पक्षसँगको अन्तरक्रियाका लागि दैलेख पुगेका मुख्यमन्त्री कँडेलले दैलेखको दुल्लुमा भएको एक अन्तरक्रिया यस्तो बताएका हुन । तिनै तहको सरकारले आ-आफ्नो तप्काबाट काम गरेको भएपनि प्रदेश सरकारबाट केही नभएको जस्तो संचार भइरहेको प्रति संकेत गर्दै आवश्यक सुधारको प्रयास जरुरी भएको बुझाई रहेको बताए । प्रदेश सरकारको गतिविधिलाई थप प्रभावकारी बनाउनका लागि नीति तथा कार्यक्रमबाटै पास भएर आएका योजनाको प्रभावकारी कार्यान्वयनका लागि जनप्रतिनिधि सहित कर्मचारीको भूमिकाले महत्व राख्ने भन्दै कँडेलले आ-आफ्नो तहबाट सबैले जिम्मेवारी पुरा गर्नुपर्ने आग्रहसमेत गरे । पछिल्लो समय दिनानुदिन बढ्दै गएको सवारी दुर्घटना, अत्याधिक महंगो यात्रा, रुट प्रमिटको विषयमा पत्रकारले राखेको जिज्ञासामा उत्तर दिँदै सवारी धनीको मात्र नभएर यात्रु समेत जिम्मेवार नागरिक बन्नुपर्नेमा जोड दिए । प्रदेश सरकारबाट निर्माणाधीन अवस्थामा रहेको पुरानो र अलपत्र योजनालाई सम्पन्न गरेर आवश्यक बजेट समेत प्रबन्ध गर्दै नयाँ काममा लाग्ने योजना रहेको समेत मुख्यमन्त्री कँडेलको पजकिर थियो । आयोजक समेत रहेको नेपाल पत्रकार महासंघ जिल्ला शाखा दैलेखका आध्यक्ष तथा कार्यक्रमको अध्यक्षता गर्नुभएका यज्ञराज थापाले पारस्परिक जवाफदेहिता बिना सम्बन्ध मात्र नभएर योजना पनि अलपत्र पर्ने र बढ्दै जाने तिक्तताले व्यवस्था माथिनै प्रश्न उठ्ने गरेकाले सार्वजनिक सरोकारको विषयमा आम नागरिकप्रति सबै जवाफदेही हुनुपर्ने सुझाव दिए ।

# कोदोको मदिरालाई ब्रान्डिङ गरिँदै

नमस्ते समाचारदाता
प्युठान, कार्तिक/२७



स्थानीय स्तरमा प्रशस्त मात्रामा पाइने कोदोबाट मदिरा बनाएर बिक्री गर्न स्थानीय पालिकाले पहल थालेका छन् । प्युठानको गौमुखी गाउँपालिकाले कोदोको रक्सीको ब्रान्डिङ थालेको छ । गौमुखी गाउँपालिकाका उपाध्यक्ष महावीर रानाले पालिकाले चालु आर्थिक वर्ष २०८१/८२ मा विनियोजन गरेको बजेटबाट कोदोको रक्सीको ब्रान्डिङ गर्न थालेको बताए । गौमुखी गाउँपालिका-३, रजबारामा स्थानीय समूहले उत्पादन गरेको रक्सीको ब्रान्डिङ गरिएको उनको भनाइ छ । कोदोको रक्सीलाई प्रवर्द्धन गर्ने गरी गौमुखी गाउँपालिकाले ४० युपिभन्दा माथिका मदिरा बिक्री वितरणमा रोक लगाएको छ । साउन १ गतेदेखि त्यस्ता मदिरा पालिकाभित्र बिक्रीवितरणमा रोक लगाएको गाउँपालिका उपाध्यक्ष रानाले बताए । गौमुखी गाउँपालिकाका सबै वडामा प्रशस्त मात्रामा कोदो फल्ने गर्दछ । अहिले कोदोबाट घरेलु मदिरा उत्पादन हुँदै आएकोमा त्यसलाई नयाँ प्रविधिबाट ब्रान्डका रूपमा उत्पादन गर्ने पालिकाको योजना छ । कोदो वार्षिक तीन सय मेट्रिक टन उत्पादन हुने पालिकाको तथ्याङ्क छ । स्थानीय पदमबहादुर केसीले पालिकाले दुई वर्ष अगाडि नीति बनाए पनि कार्यान्वयन ढिला भएको बताए । 'राम्रो नीति पालिकाले ल्याएको छ, प्रभावकारी रूपमा अझै कार्यान्वयन हुन सकिरहेको छैन ।' केसीले भने । अहिले प्याकेजिङ गरिएको मदिरालाई पनि सिसाको बोटलमा प्याक गर्नुपर्ने उनको सुझाव छ । जिल्लाकै ऐरावती गाउँपालिकाले पनि नीति तथा कार्यक्रममा स्थानीय मदिरालाई प्रवर्धन गर्ने नीति अगाडि बढाएको छ ।

# मापदण्ड विना ग्रामीण सडक धराप बन्दै

नमस्ते समाचारदाता
कालीकोट, कार्तिक/२७



कर्णाली प्रदेशका अधिकांश सडकहरुमा पछिल्लो समय सडक बिस्तारका नाममा ट्याक खोलिएका सडकहमा दिनहजसो दुर्घटना बढिरहेका छन् । स्थानीय सरकारले विकासको पहिलो योजना गाउँमा सडक बिस्तार लाई राख्ने र ट्याक खोल्ने गरेको छ । तिनै सडकको यात्रा अहिले मानव धराप बनिरहेका छन् । सडक बिस्तार पछि त्यसका आधारभूत मापदण्ड पुरा गरे/नगरेको प्राविधिक परीक्षण पछि जिल्ला प्रशासन कार्यालयले अस्थायी रुट परमिट दिने चलन भए पनि स्थानीय सरकारले आफूखुसी सडकमा गाडी सञ्चालन गर्दा एकातिर दुर्घटनाको जोखिम छ भने अर्को तर्फ दुर्घटनामा परेका नागरिकको बिमा समेत सुरक्षित छैन । पलाँता गाउँपालिका पूर्व अध्यक्ष लक्ष्मणबहादुर बमले यस्ता समस्या कालिकोटमा मात्र होइन, मधेस प्रदेश बाहेक सबै प्रदेशका हिमाली तथा पहाडी जिल्लामा रहेको बताए । कालिकोटको पलाँता गाउँपालिका राष्ट्रिय सडक सँग जोडिएको छैन । त्यहाँ एक्स्काभेटर ट्याक खोलेको ग्रामीण सडकमा बोलेरो जिप सञ्चालनमा छ । सडकको सामान्य मापदण्ड पनि पुरा नभएका र त्यसैमा क्षमता भन्दा बढी यात्रु बोक्ने गरेकाले दुर्घटना हुने गरेको जानकारहरु बताउँछन् । तर पनि यस्ता जोखिमपूर्ण सडकमा यातायात सञ्चालन गर्नु हुँदैन भनेर कसैले पनि बोल्दैनन् । यसैको उपज मानवीय क्षति भइरहेको अध्यक्ष बमको भनाई छ । स्थानीय सरकारले आफू भन्दा अधिकार सम्पन्न अरू कोही नभएको अभिव्यक्ति दिने गरेका छन् । स्थानीय सरकारका प्रमुख र प्रतिनिधिको घमण्डका कारणले ग्रामीण सडक अहिले मानव धराप बनिरहेका छन् । कालिकोटको पलाँता मात्र होइन, शुभकालिका गाउँपालिका, नरहरीनाथ गाउँपालिका, पलाँता गाउँपालिका, सान्नी त्रिवेणी गाउँपालिका, तिलागुफा नगरपालिका, खाँडाचक्र नगरपालिका, रास्कोट नगरपालिका भित्रका सडक जीर्ण छन् । अघिल्लो सरकारले ट्र्याक खोलेका सडक थप मर्मत नहुँदा दुर्घटनाको जोखिम उच्च छ । खाँडाचक्र नगरपालिकामा कार्यरत प्राविधिक कम्बरबहादुर बमले ग्रामीण सडक प्राविधिक मापदण्ड पुरा नभएर नै सञ्चालन हुँदा दुर्घटनाको जोखिम उच्च भएको बताउँछन् । हामीले ज्यान सुरक्षा होइन, ज्यानलाई सुख खोजिरहेका छौं । सानो सडक बनेको हुन्छ त्यही सडकमा गाडी चलाएर जनतालाई सुख दिनु पर्छ भन्ने बुझाई राखेका कारणले दुर्घटनाको जोखिम उच्च रहेको प्राविधिक बमको भनाई छ । गत वर्ष शुभकालिका गाउँपालिका वडा नं ४ मा बोलेरो दुर्घटना भयो । भगवान् भरोसामा १२ जना खेलाडीको ज्यान जोगियो । रास्कोटमा सडक दुर्घटना हुँदा अहिले सम्म पाँच जनाले ज्यान गुमाई सकेका छन् । यस्ता दुर्घटना कति भए कति । तर पनि जिम्मेवार निकाय बेखबर छन् । ग्रामीण सडकका विषयमा जिल्ला प्रशासनको मापदण्ड पनि होला । तर त्यो मापदण्ड खासै लागु भएको देखिँदैन । कालीकोटका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टराईले सडकको अनुगमन गर्ने अधिकार भए पनि रुटप्रमिट दिने अधिकार अहिले आफूहरूसँग नभएको बताए । उनले गाउँपालिकाले प्राय आफै सडक खुलाउने काम गरेकाले पनि यस्ता समस्या हुने गरेकाले हो । अव प्रशासनले अनुगमनको पाटोलाई व्यवस्थित गर्ने बताए । आइतबार पलाँता ३ मा भएको दुर्घटनाले एउटा गाउँ नै शोकमा छ । हेलिकोप्टर मार्फत उद्धार गरी अस्पताल पुगाएका घाइते मध्य एकको ज्यान गइसकेको छ भने अरूको पनि खतरा मुक्त छैनन् । उपचारमा सहभागी चिकित्सकले खतरा मुक्त कुनै पनि घाइते नभएको बताएका छन् ।

# लोप हुँदै गैरहेको सिँगाडा खेती



नमस्ते समाचारदाता
बाँके, कार्तिक/२७

पोखरीमा फल्ने सिँगाडा खेती बाँकेमा लोप हुँदै गएको छ । पोखरी पुरिँदै र लोप हुँदै गएपछि सिँगाडा खेती पनि लोप हुँदै गएको हो । तराईमा ठूलो एकादशीमा सिंगाडा खाने चलन छ तर पोखरीमा मात्रै फल्ने सिँगाडानै लोप हुन थालेपछि बजारमा सिँगाडा किन्न समेत पाउन छोडिएको छ । तराईमा सिँगाडा स्थानीयले व्रत बस्दा खाने, पाहुनालाई पाहुर पठाउन तथा भगवानलाई प्रसादका रूपमा चढाउन लोकप्रिय छ तर पछिल्लो समय जहाँतहीँ पाउन मुस्किल पर्दै गएको छ । अहिले बजारमा सिँगाडा एकसय रुपैयाँ किलो छ । त्यही पनि बजारमा सिँगाडा किन्न उपभोक्ताको भीड नै लाग्ने गरेको छ । चाडबाडको बेला ८० रुपैयाँमा बिक्री हुने सिँगाडा चाडपर्व सकिएपछि किलोको ३० देखि ४० रुपैयाँमा बिक्री गर्नुपर्ने बाध्यता छ । बाँकेमा सीमित ठाउँमा किसानले सिँगाडा रोप्दै आएपनि पोखरीको अभाव र सिँगाडाको बिउसमेत कम पाइने भएकाले यो खेती गर्नेहरू पनि कम हुँदै गएका छन् । सिँगाडा उत्पादन गर्न समेत निकै गाह्रो हुने सिँगाडा किसान गुनासो गर्छन् । रोप्नकै लागि भारतबाट बिउ किनेर ल्याउनु पर्ने, पोखरीमा रोपिसकेपछि पटक-पटक औषधी छर्नुपर्ने र चराचुरुङ्गीले समेत सिँगाडा खाइदिँदा सिँगाडा जोगाउनै समस्या परेको किसानहरूको भनाइ छ । बाँकेमा लोप हुँदै गएको यो खेती डुडुवा गाउँपालिका वडा नं. ६ कालाबञ्जरका नन्हु गोडियाले गर्दै आएका थिए । करिब एक वर्षअघि उनको मृत्यु भएपछि गोडियाका छोरा प्रितिया गोडियाले डुडुवा ६ को चौधरीपुर्वा गाउँस्थित सार्वजनिक पोखरीमा सिँगाडा खेती गर्दै आएका छन् । असारमा रोपेपछि असोज, कात्तिकसम्म तयार हुने सिँगाडा स्थानीय गाउँ, बजारमै बिक्री हुन्छ । फागुनसम्म उक्त फलको सिजन रहन्छ । त्यसपछि बिरुवा पानीमै कुहिन्छ र मल बन्ने गरेको किसान प्रितिया गोडियाले बताए । 'बुवाले विगत ३० वर्षदेखि सिँगाडाको खेती गर्दै आउनु भएको थियो, तर तलाउहरु मासिँदै गर्दा सिँगाडा रोप्ने ठाउँनै नभएको उनले भने ।' डुडुवा ६ मा गोडियाको परिवारले मात्र सार्वजनिक पोखरीमा सिँगाडा खेती गर्दै आएका छन् ।

बाँकी ३ पेजमा...

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
ताँजाकोट गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके